# पुनर्स्थापकीय न्यायमा अधिकारसम्बन्धी काठमाडौं घोषणापत्र, २०१८

हामी, जो पुनर्स्थापकीय न्याय तथा यसको अभ्यासमा विश्वास राख्नेहरू काठमाडौं, नेपालमा आयोजित पुनर्स्थापकीय न्यायसम्बन्धी दोश्रो नेपाल सम्मेलनमा एकतृत भएका छौं,

> विभिन्न परिस्थितिमा न्यायसँग सरोकार राख्ने अपराध वा द्वन्द्व सम्बोधन गर्न पुनर्स्थापकीय न्यायको सान्दर्भिकतालाई मनन गर्दै,

> संयुक्त राष्ट्रसंघद्वारा २००२ मा पारित "फौजदारी मामिलामा पुनर्स्थापकीय न्यायको प्रयोगका सम्बन्धमा सामान्य सिद्धान्तहरू" को राष्ट्रसंघीय संकल्पपत्र (ECOSOC Resolution 2002/12) मा समाविष्ट सिद्धान्त र मान्यताहरूलाई विशेषतः पीडित, हानीकर्ता तथा समुदायको अधिकार र सरोकारलाई आत्मसात गर्दै,

निम्न बुँदाहरूसहितको "पुनर्स्थापकीय न्यायमा अधिकारसम्बन्धी काठमाडौं घोषणापत्र" ग्रहण गर्ने निर्णय गर्दछौं :

१. अपराध वा द्वन्द्वको वास्तविक सरोकारवालाहरू भनेका यसबाट प्रभावित हुनेहरू नै हुन् । पीडितलाई फौजदारी कार्यवाहीको हरेक चरणमा पुनर्स्थापकीय न्यायमा पहुँचको अधिकार हुनुपर्दछ, जस्तै : कसैले सुनिदिने; पीडासमन गरिदिने; परिणामका क्रममा आफ्ना कुराहरू राख्ने तथा हानीकर्ताले आफूले पुऱ्याएको हानीबारे जवाफदेही हुने अवसर पाउने । पुनर्स्थापकीय न्याय कार्यवाहीका क्रममा हानीकर्ताले अपराध गर्नाको कारण बुझ्नु पनि उत्तिकै आवश्यक छ ।

२. न्यायका परिप्रेक्ष्यमा प्रयोग हुने भाषा र सञ्चार पद्धतिलाई पुनःसंरचना गरी नयाँ तरिकाबाट लागु गर्न आवश्यक छ, किनभने परम्परागत/प्रतिद्वन्द्वात्मक र पुनर्स्थापकीय न्याय प्रणालीमा प्रयोग गरिने निश्चित शब्दहरूको अस्पष्ट प्रयोगले पुनर्स्थापकीय न्यायको पूर्ण विकासमा गतिरोध ल्याउँदछ ।

३. हानी तथा हिंसा समाविष्ट सबै घटनामा पुनर्स्थापकीय न्यायका सिद्धान्त र प्रक्रियालाई प्रोत्साहन गरिनुपर्दछ ।

४. पुनर्स्थापकीय न्यायका विधि र विवाद समाधानका संयन्त्रबीचको सम्बन्धबारे सिद्धान्त र अभ्यासमा स्पष्ट पारिनुपदर्छ ।

५. पुनर्स्थापकीय न्याय अभियानको विकास गर्न तथा यसलाई थप मजबुत बनाउन राष्ट्रिय, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय स्तरमा सम्बन्धहरूको स्थापना गरिनुपर्दछ ।

६. अपराध वा द्वन्द्वका सरोकारवालाले न्यायिक, प्रशासनिक र सामुदायिक सन्दर्भमा पुनर्स्थापकीय न्यायमा पहुँच पाउनुपर्दछ ।

२५ नोभेम्बर सन् २०१८ मा काठमाडौं, नेपालमा ग्रहण गरिएको